**प्रश्न नं. ७८**

**त्रि.वि. कानुन संकाय, नेपाल ल क्याम्पस एलएल.वि. द्धितिय बर्ष २०७५/०७६ को अभ्यास अदालत अन्तर्गत फौजदारी मुद्दाको विवरणः**
**(कक्षा रोल्नं.९३९४ देखि ९५१५ सम्मका विद्यार्थीहरुका लागी मात्र)**

सुस्मिता राईको जाहेरीले नेपाल सरकार

बिरुद्ध

सुनसरी जिल्ला इटहरी नगरपालिका वडा नं. ३ बस्ने लामकाधे भन्ने हकृबहादुर विश्वकर्मा

मुद्दाः-ज्यान सम्वन्धी कसूर

ईटहरी न.पा.३ स्थित पूर्वमा बुढीखोला, पश्चिममा सिसौघारी, उत्तरमा हर्कबहादुर बि.क.को घर र दक्षिणमा सिसौघारी यति चार किल्लाभित्र खाली खेतमा उत्तानो अवस्थामा लास फेला परेको भन्ने मिति २०७५।८।५ गतेको घटनास्थल लास जाँच प्रकृति मुचुल्का ।

मिति २०७५।८।३ गते साँझको ५ बजेको समयमा मेरो छोरा डम्बरबहादुर राई घरबाट ५०० मीटर पूर्व दक्षिण खेतमा गोरु पगाहा लगाएको ठाउँमा गोरु लिन भनी गएको, तर साँझको ७ बजेसम्म गोरु घरमा लिई नआएको हुँदा श्रीमतीले गोरु घरमा ल्याई छोरा कहिँ गयो होला भनी सो रात त्यसै गयो । भोलिपल्ट लामकाँधे बि.क.ले डम्बर जस्तै मानिस खेतको आलीमा लडिरहेको छ भन्ने खवर दिई मेरो बुहारी उक्त स्थानमा गई हेर्दा, छोरा डम्बरको लास रहेको हुँदा को कसले कर्तव्य गरी मारेका हुन् खोजतलास गरी कारवाही गरिपाऊँ भन्ने प्रितीबहादुर राईको जाहेरी ।

मिति २०७५।८।९ गतेका साँझको समयमा मेरो श्रीमान् डम्बरबहादुर राई खेतमा गोरु लिन जान्छु भनी घरबाट गएको तर डम्बरबहादुर राई घरमा नआएको र सोही बाटो आली हुँदै डम्बरको आमाले गोरु लिई घरमा आउँदा लास फेला परेको । श्रीमान् डम्बर र हर्कवहादुर लामकाँधे बि.क.को बीचमा कुलो पानीको विषयमा विवाद हात हालाहाल भई निज लामकाँधे बि.क.ले देखाई दिउँला, तँलाई बनाई दिन्छु भनी धम्की दिएको हुँदा मेरो पति डम्बरलाई निज लामकाँधे बि.क., पदम निरौला र राम मगरले कर्तव्य गरी मारेको हुँदा पक्राउ गरी कारवाही गरिपाऊँ भन्ने सुस्मिता राईको जाहेरी ।

**प्रश्न नं. ७८**

डम्बर थापाको मुत्यु छातिमा धारिलो हतियारले छेद छेद पारेको हुनाले मुत्यु भएको भन्ने पोष्ट मार्टम रिपोट

वादविवाद गालीगलौज भएको र डम्बर चिच्याएको आवाज आई हेर्दा, पदम निरौलाले निज डम्बरलाई छुरी प्रहार गरेको मैले देखेकी हुँ । सो पछि डम्बरको टाउको बोरामा हाली घरबाट १०० फीट दक्षिणमा निजलाई मारी फाली दिई निजको लास लगेको बोरा हर्कबहादुर  बि.क.ले लिई घरमा ल्याई छानोमा सिउरी राखेको हो भन्ने फूलमाया बि.क.को कागज ।

मिति २०७५।८।१२ गते पदम निरौला, राम मगर तथा मेरो बुवा लामकाँधे बि.क. र डम्बरबहादुर राईसँगै बाहिर खाटमा बसी रक्सी र मासु खाएको र सो क्रमममा पदम निरौला, राम मगर र डम्बरका वीचमा वादविवाद भएको र डम्बरले चिच्याएको आवाज सुनी बाहिर आउन खोज्दा पदम निरौलाले बाहिर ननिस्कन धम्की दिएको थियो भन्ने बुझिएकी मीना बि.क.को कागज ।

निजको टाउकोमा प्रहार गरेको, छातीमा छुराले पटक पटक प्रहार गरि मारेको भन्ने समेत व्यहोराको प्रतिवादी लामकाँधे बि.क., पदम र राम मगरको को अनुसन्धान अधिकारीसमक्ष भएको बयान  ।

मृतक डम्बरबहादुर राई र लामकाँधे बि.क.को कुलो पानीको विषयमा झगडा वादविवाद र हात हालाहाल भएको, छुराले छातिमा पटक पटक प्रहार गरेको त्यसै गरी लामकाँधे बि.क.को छोरी र डम्बरबहादुर राईको बुहारीलाई पदम निरौला, राम मगरले घुमाउन भनी जोगवनी लगेको विषयमा निजसँग डम्बरको विवाद भएको र मृतक डम्बरलाई हालेको बोरा समेत लामकाँधे बि.क.को घरबाट वरामद भएको देखिंदा निजै लामकाँधे बि.क., राम मगर र पदम निरौलाले डम्बरबहादुर राईको कर्तव्य गरी मारेकोमा विश्वास लाग्छ भन्ने समेत व्यहोराको बुझिएका सूर्य निरौला, पार्वती खनाल, सानु राई समेतको छुट्टाछुट्टै रुपमा एकै मिलानको मौकाको कागज ।

घटना स्थल मुचुल्का, किटानी जाहेरी , अनुसन्धान अधिकारी समक्ष गरेको साविति वयान , पोष्टमार्टन रिपोटको आधारमा प्रतिवादी लामकाँधे बि.क., पदम निरौला, राम मगर समेतको उल्लिखित कार्य मुलुकी फौजदारी अपराध सहिताको ज्यानसम्बन्धी महलको दफा १७७(१) नं.अनुसारको कसूरमा निज प्रतिवादीहरू लामकाँधे बि.क., राम मगर र पदम निरौलालाई ऐ. ऐनको १७७(२) नं.बमोजिम सजाय गपिाउँ भन्ने अभियोग पत्र ।

प्रतिवादीहरुको अदालतमा इन्कारी वयान

**प्रश्न नं. ७८**

सुनसरी जिल्ला अदालत बाट भएको फैसला

विराटनगर उच्च अदालतमा प्रस्तुत गरेको पुनरावेदन पत्र